Website(Central):www.supremecourt.gov.np
Email :tahasil.dcsunsari@supremecourt.gov.np

फोन नं.: ०२५-५६०१९४
फ्याक्स नं.: ०२५-५६०१९४

# सुनसरी जिल्ला अदालत

## इनरुवा

(तहसिल शाखा)

सुनसरी जिल्ला अदालत
इनरुवा

सूचना प्रकाशन मितिः- २०८०/०१/११

बिषयः- मोटरसाईकल तथा स्कुटरहरु लिलाम बिक्री गर्ने सम्बन्धी जरुरी सूचना।

प्रस्तुत विषयमा यस अदालतमा विभिन्न मुद्दाहरुमा अभियोग पत्रसाथ दशीको रुपमा दाखिल हुन आई जिन्सीमा आम्दानी बाँधिएका सवारीसाधनहरु मध्ये तपसिलमा उल्लिखित सवारीसाधनहरु (मोटरसाईकल र स्कुटर) जे जस्तो अवस्थामा छन् सोही अवस्थामा जिल्ला अदालत नियमावली, २०७५ को नियम ९२ बमोजिम लिलाम गर्नुपर्ने भएकाले मिति २०७९/१२/२९ गतेको मूल्यांकन समितिको निर्णयानुसार न्यूनतम मूल्य कायम गरी देहायका शर्तहरुको अधिनमा रही सिलबन्दी बोलपत्र आह्वान गरी लिलाम बिक्री गरिने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो १५ (पन्ध्र) दिने लिलामी सूचना प्रकाशित गरिएको छ।

२०८०/१/११

## तपसिल

| क्र.सं. | जिन्सी नं. | मोटरसाइकल/ स्कुटर दर्ता नं. | मोडल/हर्ष पावर | बनेको साल | रंग | कम्पनी | इन्जिन नं. | चेसिस नं. | न्यूनतम मूल्य रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १६१० | को ३२ प ८२८ | Hornet/163cc | 2017 | हरियो | होण्डा | KC23E84084531 | ME4KC239JH 8044496 | ८०,०००/- | |
| २ | १५०१ | को २० प८०९८ | डिस्कभर/ 144.80cc | 2015 | कालो निलो | बजाज | JENWFL20116 | MD2A64CZ8F WL08831 | ३५,०००/- | |
| ३ | १८६० | को २० प८७१६ | पल्सर150/ 149.01cc | 2015 | कालो निलो | बजाज | DHZCFM37231 | MD2A11CZZF CM60666 | ३५,०००/- | |
| ४ | १९९० | को १६प ९७९२ | पल्सर/180cc | 2013 | कालो | बजाज | DJ2CDH45072 | MD2AN2D23 DCG41082 | २५,०००/- | |
| ५ | १६५१ | को २६प ९०७० | CD | 2016 | कालो | होण्डा | JC67EJ2053290 | ME4JC673HG 53497 | ७२,०००/- | |
| ६ | १५२४ | को १६प २५१५ | पल्सर/150cc | 2013 | निलो | बजाज | DHZWDE50919 | MD2A11CZ60 W806608 | २५,०००/- | |
| ७ | १९९२ | प्र-१-०२-०४१प ९२७ | GIXXER | 2019 | निलो | सुजुकी | BGA1-672513 | MB8EDBAIK8 105498 | १,३६,०००/- | |
| ८ | १९७२ | को २१ प४५५९ | सुपर स्प्लेण्डर | 2015 | कालो | हिरो | JA05ECF9E34314 | MBLJA05EMF 9E35432 | ३५,०००/- | |
| ९ | १७१४ | को ३१ प६०७३ | पल्सर/ 220cc | 2017 | कालो | बजाज | DKYCHE43031 | MD2A13EY3H CE53151 | १,००,०००/- | |
| १० | २०८३ | को १३ प६७८२ | पल्सर NS/200 cc | 2013 | निलो | बजाज | JCZCCG31795 | MD2A36FZXC CG-32377 | २५,०००/- | |
| ११ | १५६७ | को ११प १७१२ | पल्सर/150cc | 2011 | कालो | बजाज | DHGBUH74106 | MD2DHDHZZ UCH98431 | १०,६५२/- | पत्रु (Scrap) |
| १२ | १७१२ | को ४ प६५९ | CBZ 2006/149.2cc | 2006 | कालो | हिरो होण्डा | 06LBMM05000 | 06LBMC0508 1 | २,७०३/- | पत्रु (Scrap) |
| १३ | १६५६ | को २ प २८६३ | Super splender/ 97.2cc | 2000 | कालो | हिरो होण्डा | 00L18M16431 | 00L20C- 18793 | २,५००/- | पत्रु (Scrap) |
| १४ | १८१२ | को २२ प७५३१ | FZ-17 | 2009 | रातो | यामाहा | 21C1047625 | ME121LC011 92047486 | ५,७१८/- | पत्रु (Scrap) |
| १५ | १८६७ | को १० प१०८३ | पल्सर/150cc | 2010 | कालो | बजाज | DHGBJJ06841 | MDJDHDHZZT CJ22687 | ७,४२२/- | पत्रु (Scrap) |
| १६ | २०२३ | को८ प१२३६ | पल्सर / 180cc | 2010 | कालो | बजाज | DJGBTC01509 | MD2DHDJZZI CC68786 | ७,६९७/- | पत्रु (Scrap) |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १७ | १८३९ | को १०प ९३३२ | पल्सर/180cc | 2011 | निलो | बजाज | DJGB4F13258 | 2DHDJZZUCF5 3798 | ९,९६५/- | पत्रु (Scrap) |
| १८ | १२७१ | को ५ प १४९८ | इन्टाइसर | 2008 | रातो | यामाहा | 50S2008768 | ME15US0288 2008 | ३,६९५/- | पत्रु (Scrap) |
| १९ | २०४९ | को १० प ६७२५ | पल्सर/220cc | 2010 | रातो | बजाज | DKNBTF83386 | MD2AHDKZZT CF80187 | ९,०७०/- | पत्रु (Scrap) |
| २० | १९४८ | को ४ प ३३६६ | पल्सर/150cc | 2010 | कालो | बजाज | DHGBPC76495E | MD2DHDHZZ PCC38279 | ७,४२२/- | पत्रु (Scrap) |
| २१ | १५७३ | को ९ प २४७७ | पल्सर/150cc | 2010 | रातो | बजाज | DHGBTH92510 | MD2DHDHZZ TCH05815 | ७,४२२/- | पत्रु (Scrap) |
| २२ | १८५९ | को ९ प ४३९८ | पल्सर/220cc | 2010 | रातो | बजाज | DRGBTH-97018 | MD2DHDKZZ RH-91032 | ९,०७०/- | पत्रु (Scrap) |
| २३ | १८३० | को १० प ७२०९ | SZR/ 150CC | 2011 | निलो | यामाहा | 54B3044606 | ME154B038B 2044561 | ८,२४७/- | पत्रु (Scrap) |
| २४ | १८५९ | को ५ प ३७५७ | FZ-16 | 2008 | सुन्तला, कालो | यामाहा | 21C1020048 | ME121C01Y8 2019439 | ४,०४७/- | पत्रु (Scrap) |
| २५ | १९१२ | को १० प ६२५९ | पल्सर/150cc | 2011 | कालो | बजाज | DHGBUE43088 | MD2DHDHZZ UCE-63900 | ९,२७८/- | पत्रु (Scrap) |
| २६ | १२७२ | को ६ प ८६३१ | ALBS-ES | 2009 | कालो | इन्डियन ज.मोटर/ जुपिटर | 5TSA030795 | ME15TSA0Y9 2030839 | ५,२७८/- | पत्रु (Scrap) |
| २७ | १७८८ | को ६ प २०२७ | पल्सर/150cc | 2009 | कालो | बजाज | DHGBSD-08035 | MD2DHDHZZ SCD12556 | ७,४२२/- | पत्रु (Scrap) |
| २८ | १७९६ | को १३ प७६५४ | CBZ-Y | 2012 | कालो | हिरो | KC12EECGK11356 | MBLKC12EHG CGK02277 | १०,३०८/- | पत्रु (Scrap) |
| २९ | १७१३ | को ९ प७४८६ | SZR/ 150cc | 2011 | रातो | यामाहा | 54B3008052 | ME154B0321 32008106 | ७,५६०/- | पत्रु (Scrap) |
| ३० | १९०५ | को ७ प९६२५ | पल्सर/ 150cc | 2007 | कालो | बजाज | DD113PC32762 | MD2DHDHZZ PCE93719 | ३,६६०/- | पत्रु (Scrap) |
| ३१ | १४८३ | को २० प७३५५ | पल्सर/ 150cc | 2007 | रातो | बजाज | DHGBPE09475 | MD2DHZZPCE 71116 | ३,६६०/- | पत्रु (Scrap) |
| ३२ | १३१० | को २५ प६४८८ | पल्सर/ 150cc | 2007 | निलो | बजाज | DHGBPB63076 | MD2DHDHZZ PCB25028 | ३,६६०/- | पत्रु (Scrap) |
| जम्मा (सात लाख चौध हजार चार सय छपन्न रुपैंया मात्र) (१३% VAT बाहेक) | | | | | | | | | ७,१४,४५६/- | |

## शर्तहरु:

१. बोलपत्र फाराम यो सूचना प्रकाशित भएको मिति २०८०/०१/११ देखि १५ दिनभित्र अर्थात मिति २०८०/०१/२५ गते दिनको १२.०० बजेसम्ममा रु.१,०००/- राजश्व आर्थिक प्रशासन शाखामा नगदै दाखिला गरी व्यक्ति भए नेपाली नागरिकताको प्रमाणपत्र, संस्था भए कर चुक्ताको प्रमाणपत्र र नविकरण सहितको फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि समेत साथै राखी निवेदन दिई तहसिल शाखाबाट खरिद गर्न सकिनेछ।

२. खरिद भएको बोलपत्र फाराम यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र अर्थात मिति २०८०/०१/२५ गते दिनको १.०० बजेसम्ममा बोलपत्रदाताको नाम र ठेगाना स्पष्ट खुलाई सिलबन्दी लाहाछाप गरी तहसिल शाखामा दर्ता गराउनु पर्नेछ। बोलपत्रदाताले आफूले बोल कबोल गरेको अंकको १०% ले हुने रकम यस अदालतको राष्ट्रिय वाणिज्य बैंकको धरौटी खाता नं. २२२०१००१०२०३००००, कार्यालय कोड नं. २०४९७१४०१ मा जम्मा गरी भौचर सहितको बोलपत्र पेश गर्नु पर्नेछ।

३. दर्ता भएका बोलपत्रहरु मिति २०८०/०१/२५ गते दिनको ३.०० वजे बोलपत्रदाता, निजको प्रतिनिधिहरु र यस अदालतको प्रतिनिधिहरुको रोहवरमा यस अदालतमा खोलिने छ। बोलपत्रदाता वा निजका प्रतिनिधि नभएपनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन। बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको भोलिपल्ट वा कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

४. बोलपत्र खोल्ने दिन सम्ममा सूचनामा उल्लिखित दिनसम्ममा सूचनामा उल्लिखित कुनै सवारीसाधनहरु सवारी धनीले फिर्ता लगेमा बाँकी रहेका सवारीसाधनहरुको लिलाम गरिनेछ।

५. सम्बन्धित यातायात व्यवस्था कार्यालयको पत्रबाट खुलि आएको दर्ता शुल्क, कर, नविकरण, जरिवाना बोलपत्र खरिदकर्ता स्वयंले व्यहोर्नु पर्नेछ।

६. क्र.सं. १ देखि १० सम्मका सवारीसाधनहरु दर्ता हुने तथा सो बाहेकका सवारीसाधनहरु उत्पादन भएको मितिले १० वर्ष अवधि पुरा भईसकेको हुँदा सवारीसाधन दर्ता गरिने छैन भनी सम्बन्धित यातायात व्यवस्था कार्यालयको पत्रबाट खुलि आएको

हुँदा त्यस्ता पत्रु (Scrap) मूल्य कायम भएका सवारीसाधन दर्ता नहुने र बोलपत्र खरिदकर्ताले त्यस्ता सवारीसाधनहरु काटेर प्रयोग गर्न नमिल्ने गरी उठाई लैजानु पर्नेछ र पुनः साविकको अवस्थामा प्रयोग गर्न पाईने छैन।

७. बोलपत्र दर रेट अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ। अङ्क र अक्षरमा लेखिएको फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

८. म्याद नाघि आएको, रीत नपुगेको र शर्त राखिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।

९. एक व्यक्ति वा फर्मको नाममा खरिद गरिएको बोलपत्र अर्को व्यक्ति वा फर्मको नाममा दाखिला गर्न पाईने छैन।

१०.बोलपत्रदाताले सिलबन्दी बोलपत्र पेस गरी छानविन भएपछि प्रथम, द्वितीय र तृतीय छनौट गरी प्रथम हुनेलाई मान्यता दिइनेछ। उक्त प्रथम हुने बोलपत्रदाताले संझौता गर्न नआएमा क्रमशः द्वितीयलाई दिइनेछ। द्वितीय पनि नआएमा तृतीयलाई दिइनेछ। प्रथम र द्वितीयको १०% धरौटी जफत गरिनेछ। बोलपत्र सकारकर्ताले बाँकी ९०% रकम धरौटी खातामा जम्मा गरी ७ दिनभित्रमा उक्त सवारीसाधन सामान जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लगिसक्नु पर्नेछ। ७ दिनभित्र आफूले कबोल गरेको रकम दाखिला नगरेमा राखेको १० प्रतिशत रकम कानून बमोजिम जफत गरिने छ।

११.न्यूनतम् मूल्यमा भन्दा कम मूल्यमा लिलाम बोल्न पाईने छैन।

१२.लिलाम हुने सवारीसाधनहरु प्रचलित कानून बमोजिम नेपाल सरकारको नीति विपरीत नहुने गरी प्रयोग गर्न पाईनेछ।

१३.सबै सवारीसाधनहरुको एकमुष्ट लिलाम बोल्नु पर्नेछ।

१४.लिलाम सकार गराउने नगराउने अन्तिम अधिकार यस अदालतलाई हुनेछ।

१५.लिलाम हुने सामान हेर्न वा यस सम्बन्धी थप कुराहरू बुझ्न चाहने व्यक्तिले यस अदालतको तहसिल शाखामा कार्यालय समयमा सम्पर्क राख्न सकिनेछ।

२०८०।१।११

..................................

(शम्भु भुजेल)

तहसिलदार